# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**मौजुदा सूचीमा सूचीकृत सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७६।०६।३०)

यस कार्यालयको चालु आर्थिक बर्ष ०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्रका **विभिन्न सडकहरुको स्तरोन्नति र पर्यटकीय एवम् अन्य पूर्वाधार निर्माण** कार्यको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने भएकोले सो क्षेत्रमा दक्षता तथा अनुभव भएका इच्छुक व्यवसायिक फर्म/परामर्शदाता संस्था/सेवा प्रदायकबाट देहायमा उल्लिखित शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूची दर्ताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१.सूची दर्ता सम्बन्धी आवेदन,

२. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको विस्तृत बिवरण,

३. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको (दर्ता,नवीकरण, भ्याट/पान दर्ता कर चुक्ता सम्बन्धी) प्रमाण पत्र,

४. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको प्रोफाइल तथा कामको अनुभव बिवरण,

५. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको बिवरण,

६. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको विगत तीन बर्षको वित्तिय कारोवार सम्वन्धी बिवरण,

७. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र,

८. व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको बिवरण तथा कार्य अनुभवको क्षेत्र,

९.सेवा बिक्री पछिको सेवाको व्यवस्था सम्बन्धी बिवरण,

१०.यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) औं दिन (सो दिन सार्वजनिक बिदा पर्न गएमा बिदापछि लगत्तै कार्यालय खुलेको पहिलो दिन) को कार्यालय समयभित्र यस कार्यालयमा सूचीकृत सम्बन्धी आवेदन पेश गरिसक्नु पर्नेछ ।

११.म्याद नाघि आएका तथा रीत नपुगेका आवेदन स्वीकार गरिने छैन ।

१२.शर्तमा उल्लेख भए बमोजिमका आधिकारिक कागजात तथा प्रमाण (कार्य अनुभव, आर्थिक, भौतिक तथा मानवीय संसाधन, योग्यता तथा अनुभवसँग सम्वन्धित कागजात आदि) पेश नगर्ने आवेदक व्यवसायिक फर्म/परामर्शदाता/सेवा प्रदायक संस्थालाई सूचिकृत गरिने छैन ।

१३.सूची दर्ताको लागि एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमको रुपमा आवेदन पेश गर्न इच्छुक आवेदकले आवेदन पेश गर्दा मुख्य भई कार्य गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्वन्धी सम्झौताको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा ३ भन्दा बढी व्यवसायिक फर्म/परामर्शदाता संस्था संलग्न हुन पाईने छैन ।

१४.आवेदन पेश गर्दा **सडक स्तरोन्नति** र **पर्यटकीय एवम् अन्य पूर्वाधार निर्माण** सम्बन्धी अलग अलग कार्यको लागि अलग अलग आवेदन पेश गर्नु पर्नेछ ।

१५.यस मौजुदा सूचीमा सूचिकृत हुने सम्वन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम हुनेछन् ।

१६.यस सम्वन्धमा थप जानकारीको लागि ९८५२८४१९९९ मा सम्पर्क राख्न सकिनेछ ।

सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा